नेपाल सरकार
# कृषि विकास मन्त्रालय
(कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२११६३९, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५, ४२११९४०
फ्याक्सः ४२११९३५
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः क.प्र.(प.से.वि.)०७१/७२

च.नं.: २६१

मितिः २०७१।०६।२९

विषयः पशु क्वारेन्टाइन कार्यविधि सम्बन्धमा

श्री पशु सेवा विभाग,
हरिहरभवन।

दर्ता नं. ३३०
मिति ०७१।०६।३०

पशु क्वारेण्टाइन कार्यालयहरुमा समायोजन पदस्थापन भएका मत्स्य विकास अधिकृतको कार्य विवरण (TOR) र पशु क्वारेण्टाइन कार्यविधि २०६४ मा नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०७१।०६।०१ को निर्णयानुसार संशोधन भएकोले उक्त कार्य विवरण (TOR) पाना ३६ (छतीस) र पशु क्वारेण्टाइन कार्य विधि २०६४ मा संशोधनको सिफारिश गरिएका विषयहरु संलग्न गरी आवश्यक कार्यवाहीको लागि पठाएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(धर्मराज ढुंगाना)
शाखा अधिकृत

बोधार्थः-
श्री मत्स्य विकास निर्देशनालय, बालाजु।

## पशु क्वारेन्टाईन कार्यविधी २०६४ मा सिफारिस गरिएका संसोधनहरु

बुंदा ग को १. माछाको भुरा पैठारी गर्दा ~~विभाग~~ *मत्स्य विकास निर्देशनालय* को सिफारिसपत्र अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ । तर खाने माछा पैठारी गर्नको लागि सिफारिसपत्र आवश्यक पर्ने छैन ।

बुंदा ग को ७. *छुटेको थप झिंगामाछा लगायतका क्रस्टेशियनहरु पैठारी गर्दा अनुसूचि ६ इन्टरनेशनल एक्वेटिक एनिमल हेल्थ सर्टिफिकेट फर डेड क्रस्टेशियन संलग्न हुनु पर्नेछ ।*

बुंदा ग को ९. खाने माछा तथा *कार्पका* भूरा जांच *गर्ने त्यहां खटिएका मत्स्य विकास अधिकृत/दरबन्दी नभएको अवस्थामा* रोग भएको शंका लागेमा नजिकको मत्स्य विकास केन्द्रका वरिष्ठ मत्स्य विकास अधिकृत वा मत्स्य विकास अधिकृत वा जिल्ला कृषि बिकास कार्यालय स्थित मत्स्य विकास अधिकृतको राय सल्लाह ~~लिई सोही अनुरुप गर्नु पर्नेछ~~ *आवश्यक हुनेछ ।*

बुंदा ग को १०. पैठारी गरिएका भूरा माछाहरुमा रोगको शंका लागि होल्ड गर्नु परेमा *क्वारेन्टाइन चेकपोष्ट वा कार्यालयमा सुविधा नभए* अनुसूचि ७ मा उल्लेखित मत्स्य विकास केन्द्र वा मत्स्य प्रयोगशालामा रहेका होल्डिङ्ग ट्यांक उक्त कार्यालयको अनुमति लिएर प्रयोग गर्न सकिनेछ ।

बुंदा ग को १३. अनुसन्धान तथा परिक्षणको लागि नेपाल सरकारको पूर्व स्वीकृतिबाट आयात गरिने नयां जातका माछाका भुरा अर्न्तराष्ट्रिय हवाईमार्गबाट *वा मत्स्य विकास अधिकृतको दरबन्दी भएको नाकाबाट* मात्र नेपाल प्रवेश गराउन पाइनेछ ।

बुंदा च को १. पशुको तयारी दाना पैठारी गर्दा विभागको सिफारिसपत्र अनिवार्य संलग्न हुनु पर्नेछ । *तर माछाको दाना पैठारी गर्दा मत्स्य विकास निर्देशनालयको सिफारिसपत्र अनिवार्य हुनेछ ।*

बुंदा ४ को २. खाने माछा तथा भुरा जांच गर्दा रोग भएको शंका लागि प्रयोगशाला परिक्षण गर्नु पर्ने भएमा नमुना संकलन गरी *नजिकको मत्स्य विकास केन्द्र वा* केन्द्रीय मत्स्य प्रयोगशाला, बालाजुमा पठाउनु पर्नेछ ।

बुंदा ४ को ५. पशु दानाको प्रयोगशाला परिक्षणको लागि नमुना लिंदा देहायको परिमाणमा देहाय बमोजिम लिनु पर्नेछः *माछाको अखाद्य वस्तुको मिसावट भएको शंका लागेमा नमूना परिक्षणका लागि खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण प्रयोगशालामा पठाउनु पर्नेछ ।*

बुंदा ५ को ५. *थप बुंदा माछाको हकमा दरबन्दी भएको कार्यालय/चेकपोष्टले मत्स्य विकास अधिकृतको सिफारिसमा सो कार्य गर्न सक्नेछ ।*

बुंदा ६ को ७. स्वास्थ्य वा स्यानेटरी प्रमाणपत्र योग्यता पुगेको अधिकृतले बाहेक अरुले जारी गर्न हुंदैन । *मत्स्य सम्बन्धि स्वास्थ्य तथा स्यानेटरी प्रमाणपत्र मत्स्य विकास अधिकृतको न्यूनतम शैक्षिक योग्यता पुगेका अधिकृतहरुले सो कार्य गर्न सक्नेछन् । तर माछाको दाना, माछा भुरा वा अन्य माछा पैठारी वा निकासीको लागि मत्स्य विकास निर्देशनालयको सिफारिस अनिवार्य हुनेछ ।*

अनुसूचि ९

| सि.नं. | पशु क्वारेन्टाईन कार्यालय र चेकपोष्ट | पशु रोगको नमूना परिक्षणको लागि सिफारिस गरिएका प्रयोगशालाहरु | |
|---|---|---|---|
| | | सम्पर्क गर्नु पर्ने प्रयोगशाला | रेफरेन्स प्रयोगशाला |
| २.(ख) | भण्टावारी | क्षेत्रिय पशु रोग अन्वेषण प्रयोगशाला, विराटनगर | *माछाको हकमा मत्स्य विकास केन्द्र फत्तेपुर* |
| ३.(क) | भिट्ठामोड | क्षेत्रिय पशु रोग अन्वेषण प्रयोगशाला, जनकपुर | *माछाको हकमा मत्स्य विकास तथा तालिम केन्द्र जनकपुर* |

| | | | |
|---|---|---|---|
| ४. | विरगन्ज | | *माछाको हकमा मत्स्य विकास केन्द्र हेटौंडा* |
| ५. | काठमाडौं | | *माछाको हकमा केन्द्रीय मत्स्य प्रयोगशाला बालाजु* |
| ६.(क) | त्रिवेणी | जिल्ला पशु सेवा कार्यालय रुपन्देहीको प्रयोगशाला | *माछाको हकमा मत्स्य विकास केन्द्र भैरहवा* |
| ७.(क) | भन्सार रोड, नेपालगन्ज | जिल्ला पशु सेवा कार्यालय बांकेको प्रयोगशाला | *माछाको हकमा मत्स्य विकास केन्द्र समशेरगन्ज* |
| ८.(क) | गड्डाचौकी | क्षेत्रिय पशु रोग अन्वेषण प्रयोगशाला, धनगढी | *माछाको हकमा मत्स्य विकास केन्द्र गेटा, कैलाली* |

## विशेष सुझाव

- पशु स्वास्थ्य ऐन तथा नियमावली अनुसार गठित विभिन्न समिती र उपसमितीहरुमा मत्स्य विकासको समेत प्रतिनिधत्व हुने व्यवस्था मिलाउनु पर्ने ।
- पशु स्वास्थ्य ऐन तथा नियमावली अनुसार तोकिएका पशु क्वारेन्टाइन अधिकृतले मत्स्य सम्बन्धि कार्यका लागि मत्स्य विकास अधिकृतलाई अधिकार प्रत्यायोजन गर्नु पर्ने वा मत्स्य विकास अधिकृतलाई नै मत्स्य क्वारेन्टाइन अधिकृत तोकिनु पर्ने ।

पशु क्वारेन्टाईन कार्यालय/चेकपोष्टमा खटिएका मत्स्य विकास अधिकृतहरुको TOR

१. मत्स्य क्वारेन्टाइनका लागि आवश्यक कार्यक्रमहरुको तर्जुमा गर्ने तथा स्वीकृत कार्यक्रमहरुको कार्यान्वयन गर्ने/ गराउने/ सहयोग गर्ने ।

२. नेपालबाट अन्य मुलुकमा तथा अन्य मुलुकबाट नेपालमा तथा नेपालकै एक स्थानबाट अर्को स्थानमा माछा ओसार पसार गर्दा मत्स्य रोग फैलिनबाट रोक्ने कार्यविधिमा उल्लेख भए अनुसारको आवश्यक व्यवस्था गर्ने/ गराउने ।

३. माछा तथा माछाजन्य पदार्थको आयात/निर्यात, ओसार पसार तथा ढुवानीमा पशु क्वारेन्टाईन कार्यविधिमा उल्लेख भए अनुसारको प्रकृया अवलम्बन भए नभएको अनुगमन गर्ने तथा आवश्यक सल्लाह सुझाव दिने ।

४. सबै किसिमका माछा, माछाजन्य पदार्थ तथा माछा उत्पादन सामग्री आदिको निरीक्षण, परिक्षण, सिफारिस एवं प्रमाणीकरणको कार्य गर्ने/ गराउने ।

५. आफू खटिएको स्थानको मुख्य नाकाबाट गरिने मत्स्य क्वारेन्टाईन सम्बन्धि कार्य मुख्य रुपले गर्नुका साथै त्यस क्षेत्रका अन्य नाकाबाट हुने मत्स्य क्वारेन्टाइन सम्बन्धि कार्य गर्ने/ गराउने ।

६. मत्स्य सम्बन्धि तथ्यांकहरु स्पष्ट रुपमा राखी तोकिए बमोजिमको आवधिक प्रगति मत्स्य विकास निर्देशनालय सहित अन्य सम्बन्धित निकायमा पठाउने व्यवस्था मिलाउने ।

७. वर्तमान क्वारेन्टाइन कार्यविधी अनुसारको कार्यहरु गर्दा आई पर्ने समस्याहरु तथा सो को समाधानका लागि आवश्यक सुझाव प्रदान गर्ने ।

८. कार्यालयबाट तोकिएका अन्य कार्यहरु समेत गर्ने/ गराउने ।

९. प्रमुख उपस्थित नरहेको अवस्थामा प्रचलित कानून अनुसार कार्यालय/ चेकपोष्टको काम कारवाही संचालन गर्ने ।

| | | |
|---|---|---|
| संयोजक | सदस्य | सदस्य |
| रमानन्द मिश्र | माधव दाहाल | केशव कुमार पाण्डे |
| प्रमुख | वरिष्ठ पशु चिकित्सक | उप-सचिव |
| रा.प्रा.तथा कृ.ज.म.बि.का.बालाजु | केन्द्रीय पशु क्वारेन्टाईन कार्यालय बुढानिलकण्ठ, काठमाडौं | कृषि विकास मन्त्रालय, सिंहदरबार |